बाँकी पृष्ठ १ बाट ..

**अर्थशास्त्री केशव...**

नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक तथा अर्थ मन्त्रालयमा वरिष्ठ आर्थिक सल्लाहकारका रूपमा काम गरिसकेका आचार्य आर्थिक क्षेत्रसम्बन्धी विभिन्न थिंक टयांकमा संलग्न रही देशको आर्थिक क्षेत्रको नीति निर्माण र नीतिगत वकालतमा संलग्न दिए।

उनको मंगलबार दाहसंस्कार गरिने पारिवारिक स्रोतले बताएको छ। उनको निधनमा श्रद्धाञ्जलि व्यक्त गर्दै आर्थिक क्षेत्रका व्यक्तित्वहरूले उनको व्यक्तित्व र आर्थिक क्षेत्रमा रहेको योगदानको चर्चा गरेका छन् । अर्थमन्त्री रामेश्वर खनालले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्, 'मेरो प्रिय मित्र केशव आचार्यको निधनको खबरले म अत्यन्त दुःखी भएको छु। उहाँ एक गम्भीर चिन्तनशील अर्थशास्त्री र दयालु व्यक्तित्व हुनुहुन्थ्यो । उहाँको ज्ञान, निष्ठा र कोमल स्वभावले धेरै मानिसहरूको जीवन छोएको थियो र सार्वजनिक नीति र आर्थिक चिन्तनमा उहाँको योगदान सधैं स्मरणीय रहनेछ।'

पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डेले फेसबुकमा श्रद्धाञ्जलि व्यक्त गर्दै २०६६ सालमा आफू अर्थमन्त्री हुँदा अर्थ मन्त्रालयमा प्रमुख आर्थिक सल्लाहकार भई आचार्यले योगदान गरेको सम्झिएका छन् ।

'नेपालको आर्थिक र मौद्रिक क्षेत्रका विज्ञ केशव आचार्यले लामो समय नेपाल राष्ट्र बैंकमा सेवारत रही कार्यकारी निर्देशक पदबाट अवकाश लिनुभएको थियो । मेरो अर्थमन्त्री कालमा आर्थिक सल्लाहकार भई महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो । उहाँले राष्ट्रिय र अन्तरराष्ट्रिय विभिन्न संस्थासंग मिली नेपालको आर्थिक क्षेत्रमा महत्वपूर्ण भूमिकासमेत निर्वाह गर्नुभएको थियो ।' नेपाल राष्ट्र बैंकमा आचार्यसँगै काम गरेका पूर्वगभर्नर दिपेन्द्रबहादुर क्षेत्री आचार्यलाई मृदुभाषी र कसैलाई नचिढ्याउने स्वभाव रहेको व्यक्तिको रूपमा सम्झन्छन् । 'आर्थिक क्षेत्रको विश्लेषण गर्दा पनि कुनै पक्षको स्वार्थलाई पैरवी नगरी निष्पक्ष ढंगले विश्लेषण गर्ने बानी उहाँको थियो,' क्षेत्रीले भने । उनले आर्थिक वर्ष २०५२/५३ मा दीर्घकालीन कृषि योजना बन्दा त्यसको आर्थिक क्षेत्रको विश्लेषणको जिम्मा आचार्यले लिएको सम्झिए।

आचार्यसँग लामो समय संगत गरेका अर्थशास्त्री विश्वम्भर प्याकुर्‍याल पनि आचार्यलाई अर्थतन्त्रको गहिराइ जान्ने विज्ञका रूपमा चित्रण गर्छन् । 'विभिन्न परियोजना तथा थिंक टयांकमा आबद्ध भएर उनी आर्थिक नीतिमा निर्माणमा संलग्न रहेका थिए,' प्याकुर्‍यालले भने ।

**वर्ल्डलिंकविरुद्ध ३...**

'यस निर्णयले मर्मत सम्भारमा समेत थप कर थोपर्नुपर्छ भन्ने आधारहीन तर्कहरूलाई खारेज गरेको छ । यसबाट उपभोक्ताहरू थप आर्थिक भारबाट जोगिएका छन् भने लाखौंको रोजगारी र अर्बौंको लगानी भएको इन्टरनेट उद्योगको समेत रक्षा भएको छ,' कम्पनीका एक उच्च अधिकारीले भने ।

**मर्मत शुल्कमा कर नलाग्ने निर्णयले राहत**

इन्टरनेटको मर्मत शुल्कमा कर नलाग्ने सरकारी निर्णयले राहत मिलेको इन्टरनेटप्रदायक कम्पनीहरूको संस्था इन्टरनेट सेवाप्रदायक संघ नेपाल (आइस्पान) ले बताएको छ । आइस्पानका अनुसार इन्टरनेटको मर्मत शुल्कमा कर नलाग्ने महान्यायाधिवक्ताको कार्यालयले गरेको निर्णयले उपभोक्तालाई राहत दिनेछ।

इन्टरनेटको मर्मत सम्भार शुल्कमा दूरसञ्चार सेवा दस्तुर (टीएससी) नलगाउने निर्णय गरेसँगै उपभोक्ताहरू थप आर्थिक भारबाट जोगिन सहयोग पुगेको आइस्पानको भनाइ छ।

लामो समयदेखि इन्टरनेट महशुल र मर्मत सम्भार शुल्कमा लाग्ने करका विषयमा देखिएको अन्योल चिर्दै महान्यायाधिवक्ताको कार्यालयले हालैको अभ्यासलाई कानूनी रूपमा वैध ठहर गरेपछि इन्टरनेट उद्योगको अस्तित्व रक्षा हुनुका साथै उपभोक्तालाई महँगो महशुलबाट राहत मिलेको आइस्पानका अध्यक्ष सुधीर पराजुलीले बताए। उनका अनुसार दूरसञ्चार नियमावली, २०५४ को दफा १५ (ज) ले फिक्स्ड वायर्ड ब्रोडब्यान्ड सेवाको कुल महशुलको बढीमा ५० प्रतिशतसम्म मर्मत सम्भार शुल्क तोक्न सकिने सुविधा दिएको छ भने आर्थिक ऐनले उक्त शुल्कमा टीएससी नलाग्ने स्पष्ट व्यवस्था गरेको छ । महान्यायाधिवक्ताको कार्यालयले सोही कानूनी प्रावधान र नेपाल दूरसञ्चार प्राधिकरणको परामर्शका आधारमा सेवाप्रदायकहरूको साबिकको अभ्यास सही रहेको निष्कर्ष निकालेको आइस्पान अध्यक्ष पराजुलीले बताए।

'मर्मत सम्भारमा थप कर थोपर्नुपर्छ भन्ने आधारहीन तर्कहरू खारेज भएको हो । यस निर्णयबाट उपभोक्ताहरू थप आर्थिक भारबाट जोगिएका छन् भने लाखौंको रोजगारी र अर्बौंको लगानी भएको इन्टरनेट उद्योगको समेत रक्षा भएको छ,' उनले भने। सेवाप्रदायकहरूले कुल महशुलको ५० प्रतिशत सेवाबापतको रकममा मात्र टीएससी उठाई सरकारी राजस्व खातामा जम्मा गर्दै आएका थिए, जसलाई महान्यायाधिवक्ताको कार्यालयले पूर्णत: सही र कानूनी रहेको पुष्टि गरेको आइस्पानको भनाइ छ।

**उद्योग वाणिज्य...**

आफ्नो टीम बनाएरै अघि बढ्ने प्रतिबद्धता गरेका उनले भने, 'टीम बनाएर अघि बढ्ने प्रतिबद्धता गरेअनुसार नै समूह बनाएको हो, प्रस्तावित उपाध्यक्षलाई आफै छनोट गरेको हुँ।'

२७ वर्ष महासंघमा बिताएका 'वेटिङ' अध्यक्ष श्रेष्ठले समय घर्किसकेको र अहिलेसम्म आकांक्षी साथीलाई राखेर सर्वसहमत बनाउने प्रयास नभएको पनि बताए। 'अब समय ढल्किसकेको छ । तर, सल्लाह छलफल गरौं, सहमतिमा आउन सके राम्रो हो,' उनले भने। अगामी निर्वाचनका लागि प्रस्तावित वरिष्ठ उपाध्यक्ष ढकाल समूहले झन्डै १ महीनाअघि समूह टुंगो लगाइसकेको छ। ढकाल समूहमा उपध्यक्षहरूमा एशोसिएटतर्फ ज्योत्स्ना श्रेष्ठ, वस्तुगततर्फ नरेशलाल श्रेष्ठ, जिल्ला/नगरतर्फ उमेश डालमिया र कल्पना गैरे तथा महिला उपाध्यक्षमा कमला श्रेष्ठलाई उम्मेदवारको रूपमा घोषणा गरिसकेको छ । सोमबार उम्मेदवारी घोषणा सभामा पुगेका महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल, पूर्वअध्यक्षहरू पशुपति मुरारका, भवानी राणा, प्रदीपकुमार श्रेष्ठलगायतले अहिलेको राजनीतिक अवस्था, इरान-अमेरिकाको युद्धजस्ता परिस्थितिलाई ध्यानमा राख्दै निजीक्षेत्रलाई एकजुट बनाउन पनि सर्वसहमतिमै नेतृत्व चयनको पहल गर्न आह्वान गरे।

**बजार सुनिश्चित...**

भारतीय बजारमा बिजुली बेच्न भारतीय कम्पनी एनटीपीसी विद्युत् व्यापार निगम र पीटीसी इन्डिया जस्ता व्यापारिक कम्पनीहरूसँग समन्वय भइरहेको र निजीक्षेत्रले पनि अनुमति पाएमा विद्युत् व्यापार गर्न सक्ने बाटो खुला रहेको उनले बताए। ऊर्जा उत्पादकहरूले भने प्राधिकरणले यस्तो नीति अपनाएर निजीक्षेत्रलाई निरुत्साहित गर्न खोजेको आरोप लगाएका छन् । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) का उपमहासचिव प्रकाश दुलालले प्राधिकरणको यस्तो नीति निजीक्षेत्रलाई निरुत्साहित गर्ने र जलविद्युत् विकासलाई अवरुद्ध गर्ने बहाना मात्र भएको बताएका छन्।

शाक्यको भनाइलाई लक्ष्य गर्दै दुलालले प्रश्न गरे, 'बिजुली बेच्न पहिला आयोजना चाहियो कि बजार ? आयोजना नै नबनाई के बेच्ने ? वस्तु नै तयार नभई बजार सुनिश्चित भएन भन्नु तर्कसंगत छैन ।' उनले नेपाल र भारत सरकारबीच १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यात गर्ने दीर्घकालीन सम्झौता भइसकेको अवस्थामा बजार छैन भन्नु हास्यास्पद भएको टिप्पणी गरे । 'नेपाल र भारतका प्रधानमन्त्रीबीच १० हजार मेगावाटको सम्झौता भएको ३-४ वर्ष भइसक्यो। बंगलादेशसँग पनि सम्झौता भएको छ। यो नै बजारको सुनिश्चितता होइन र ?' दुलालले प्रश्न गरे।

दुलालका अनुसार हाल करीब १५ हजार मेगावाट क्षमताका आयोजनाहरू पीपीएको पर्खाइमा छन् । करीब ४ हजार मेगावाट उत्पादन भइरहेको, ५ हजार ६०० मेगावाट निर्माणको विभिन्न चरणमा रहेको र १ हजार ९०० मेगावाट निर्माणमा जाने तयारीमा रहेको उनले जानकारी दिए।

# म्याग्दीका २४ पर्यटकीय स्थलमा पूर्वाधार निर्माण योजना

म्याग्दी । गण्डकी प्रदेश सरकारमार्फत म्याग्दीमा यस वर्ष २४ पर्यटकीय स्थलमा पूर्वाधार निर्माणका लागि योजना सञ्चालन भएका छन् । बेनीमा रहेको एकीकृत सेवा कार्यालयमार्फत सञ्चालित ती योजनाका लागि प्रदेश सरकारले १ करोड ४० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ। ३ ओटा योजना सम्पन्न भइसकेको कार्यालयका नायब सुब्बा सुवास सुवेदीले जानकारी दिए।

बाँकी योजना सर्वेक्षण, डिजाइन (नक्सांकन), लागत अनुमान तयारी, सम्झौता र कार्यान्वयनको चरणमा छन्। ५/५ लाख रुपैयाँ बजेट विनियोजन भएको बेनपा-९ को डाँडा पधेरा आरोटा, पाखाथर र रघुगंगा गाउँपालिका-३ को गलेश्वर-बगैंचा पदमार्ग निर्माण सम्पन्न भएको छ।

मालिका गाउँपालिका-७ मा प्रभुचेला ध्यानाश्रम, विम-डाँडागाउँ पदमार्गलाई १०/१० लाख, मालिका-३ को लामखोरिया-डाँडागाउँ र मालिका-४ को गौखोरे-मतौका पदमार्गलाई ६/६ लाख रुपैयाँ विनियोजन भएको छ। ५ लाख रुपैयाँ बजेट विनियोजन भएको अन्नपूर्ण गाउँपालिका-४ को नारच्याङ झरना पर्यटन पूर्वाधार निर्माण योजना पनि सम्पन्न भएको छ। १० लाख रुपैयाँ बजेट विनियोजन भएको चिमखोलादेखि काली घराह पदमार्ग र ८ लाख रुपैयाँ बजेटको धवलागिरि गाउँपालिका-४ को खिबाङ-चेचुङ पदमार्ग निर्माणाधीन छन्। *रासस*


स्थानीय सरकार

**मध्यपुर थिमि नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**सामाजिक विकास महाशाखा**

**शिक्षा, युवा तथा खेलकूद शाखा**

## मन्टेश्वरी विद्यालयको स्वमित्त्व परिवर्तन सम्बन्धी सूचना ।

**(प्रथम पटक प्रकाशित मिति २०८२।१२।१०)**

यस नगरपालिका अन्तर्गत संचालित तपसिल अनुसारको पूर्व-प्राथमिक (मन्टेश्वरी) विद्यालयको हक हस्तान्तरण गरी पाउँ भनी आवश्यक कागजात तथा सनाखतपत्र समेत संलग्न गरी यस नगरपालिकामा निवेदन दर्ता गराउनु भए अनुसार नगर शिक्षा समितिको मिति २०८२।११।०१ को निर्देशनानुसार तपसिल अनुसारको पूर्व-प्राथमिक (मन्टेश्वरी) विद्यालयको हक हस्तान्तरण सम्बन्धमा यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । उक्त पूर्व-प्राथमिक (मन्टेश्वरी) विद्यालयसंग कुनै व्यक्ति वा संघ संस्थाको कुनै किसिमको दावी बिरोध भएमा यसै सूचनालाई आधार मानी आवश्यक प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र लिखित निवेदन यस नगरपालिकामा पेश गर्नुहुन सम्बन्धित सम्पूर्णको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। अन्यथा निवेदकको माग बमोजिम भई जाने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल:**

| क्र सं. | पूर्व-प्राथमिक (मन्टेश्वरी) विद्यालयको नाम | ठेगाना | साविकको सञ्चालक | कायम हुने सञ्चालकको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १ | भिजन मन्टेश्वरी | मध्यपुर थिमि-१, लोकन्थली, भक्तपुर | संचिता क्षेत्री, धरान-१५, सुनसरी ना.प्र.नं.१२४४१/मोरङ | तारा बहादुर भण्डारी, बाह्रबिसे-३, सिन्धुपाल्चोक ना.प्र.नं. ६१९५/८८९४४ | स्वामित्व परिवर्तन |

Government of Gandaki Province

Ministry of Physical Infrastructure Development and Transport Management

**Road, Bridge and Provincial Building Office**

Kaski, Pokhara

## Interview Schedule of Individual Consultant (Road Engineer)

Date of Publication:2082/12/10 (24th March, 2026)

This is to inform that the candidates shortlisted for the position of Individual Consultant (Road Engineer), as per the notice published in *Sourya National Daily* on 2082/03/13, are invited to attend an interview with their original certificates. The date and time of the interview are available on our official **website: www.idd.gandaki.gov.np**.

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**

रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/९८/८८, फ्याक्स: +९७७-१-५१११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) ९८१०-०१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस

## लकर स्थानान्तरण सम्बन्धी अत्यन्त जरुरी सूचना

यस बैंकका तपसिलमा उल्लेखित विभिन्न शाखा कार्यालयहरु मिति २०८३/१/३ गते देखि एक आपसमा समायोजन गरी एकीकृत रुपमा कारोबार सञ्चालन गर्ने गरी मिति २०८२/०९/१८, २०८२/०९/२१, २०८२/०९/२५ र २०८२/०९/३० गते "कान्तिपुर" राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना प्रकाशित गरी जानकारी गराइएको व्यहोरा अनुरोध छ । समायोजन भई बन्द हुने शाखाहरुमा रहेका सेफ डिपोजिट लकरहरु अन्य शाखा कार्यालयहरुमा स्थानान्तरण गर्नुपर्ने भएकोले अब उप्रान्त तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट लकर सेवा उपलब्ध हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.सं. | लकर रहेको हालको शाखा | लकर स्थानान्तरण हुने शाखा | अन्दाजी दुरी |
|---|---|---|---|
| १. | लिङ्क रोड शाखा | वीरगंज शाखा, आदर्शनगर | १.२ कि.मि. |
| २. | पुतलीसडक शाखा | कमलादी शाखा | १.२ कि.मि. |
| ३. | शान्तेश्वर शाखा | | १.२ कि.मि. |
| ४. | बागबजार शाखा | | ६०० मिटर |
| ५. | बोहोराटार शाखा | बालाजु शाखा | १.९ कि.मि. |
| ६. | माछापोखरी शाखा | | ९०० मिटर |
| ७. | ढुङ्गेधारा-नर्सरी चोक शाखा | | १.९ कि.मि. |
| ८. | लगनखेल शाखा | महालक्ष्मी-ललितपुर शाखा | २.५ कि.मि. |
| ९. | सानेपा शाखा | त्रिपुरेश्वर शाखा | १.६ कि.मि. |
| १०. | ग्वार्को शाखा | सातदोबाटो शाखा | १.४ कि.मि. |
| ११. | खुमलटार शाखा | | १.३ कि.मि. |
| १२. | तिनपुली शाखा | बौद्ध शाखा | १.७ कि.मि. |
| १३. | चाबहिल शाखा | | १.० कि.मि. |
| १४. | नरेफाट शाखा | कोटेश्वर शाखा | १.२ कि.मि. |
| १५. | बालुवाटार शाखा | कमलादी शाखा | ३.५ कि.मि. |
| १६. | अनामनगर शाखा | नयाँ बानेश्वर शाखा | १.५ कि.मि. |
| १७. | मध्य बानेश्वर शाखा | | १.९ कि.मि. |
| १८. | खसीबजार शाखा | कलंकी शाखा | ८०० मिटर |
| १९. | कपन शाखा | सुकेधारा शाखा | १.१ कि.मि. |
| २०. | गोंगबु शाखा | सामाखुसी शाखा | ६०० मिटर |
| २१. | सोह्रखुट्टे शाखा | ठमेल शाखा | १.१ कि.मि. |
| २२. | टेकु शाखा | त्रिपुरेश्वर शाखा | १.१ कि.मि. |
| २३. | सिनामंगल शाखा | सुकेधारा शाखा | ४.५ कि.मि. |
| २४. | मित्रपार्क शाखा | बतिसपुतली शाखा | ८०० मिटर |
| २५. | बसेनी शाखा | हाकिम चोक शाखा | २.३ कि.मि. |
| २६. | महेन्द्रपुल-पोखरा शाखा | न्युरोड पोखरा शाखा | १.८ कि.मि. |
| २७. | बिरौटा शाखा | लेकसाईड-पोखरा शाखा | १.९ कि.मि. |

उल्लेखित शाखा कार्यालयहरुमा रहेका लकरहरुमा ग्राहक महानुभावहरुले टुटफुट हुने सामानहरु राख्नुभएको भए मिति २०८२/१२/२५ गतेसम्म यहाँको लकर रहेको हालको शाखामा सम्पर्क राखी सामानहरु सुरक्षित राखिदिनु हुन सम्बधित सबैमा बैंक हार्दिक अनुरोध गर्दछ । लकर स्थानान्तरण गर्दा लकरमा भएका सामग्रीहरुमा सम्भावित कुनै हानि, नोक्सानी वा क्षति भएमा बैंक जिम्मेवार नहुने व्यहोरा सम्बन्धित सबैमा यसै सूचना बमोजिम जानकारी गराईन्छ । यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधाको लागि बैंक क्षमाप्रार्थी छ ।

28

बैंक पनि साथी पनि
साथी पनि भरोसो पनि

मालपोत कार्यालय चितवन, भरतपुरबाट